म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ६७ शनिबार १९ असोज २०८१ ते. सं. ११४४ कौलाश्व 5 October 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

खैरो हेरोइनसहित एक युवक पक्राउ

हेटौंडा, १८ असोज/जिल्ला प्रहरी कार्यालय मकवानपुरले लागूऔषध खैरो हेरोइनसहित हेटौंडाका एक युवकलाई पकाउ गरेको छ । पकाउ पर्नेमा किरण सुनार रहेका छन् ।

इलाका प्रहरी कार्यालय पशुपतिनगर हेटौंडाबाट खटिएको प्रहरीटोलीले हेटौंडा उपमहानगरपालिका-९ खाजा घरबाट हेटौंडा उपमहानगरपालिका-१४ घरभई हाल हेटौंडा-१० न्युरेनीमा बस्दै आएका २७ वर्षीय सुनारलाई ३ ग्राम ५६० मिलीग्राम खैरो हेरोइनसहित पकाउ गरेको हो ।

विशेष सूचनाको आधारमा प्रहरीले खाजाघरभित्र बसिरहेको अवस्थामा उनको शरीर खानतलासी गर्दा स-साना पोका बनाएर राखेको खैरो हेरोइन फेला पारेको थियो ।

संकटमा देशको भारी बोक्दै बुढो सडक 'त्रिभुवन राजपथ'

भानुभक्त आचार्य

हेटौंडा, १८ असोज/ 'बाह्र छोरा तेह्र नाति, बुढाको धोको कांधैमाथि' भन्ने नेपाली उखान त्रिभुवन राजपथमा पनि चरितार्थ भएको छ । मुलुकमा ठूलो बाढीपहिरोको संकटको समयमा मुलुकको राजधानीलाई देशका बिभिन्न भागसँग जोड्ने भरपर्दो बिकल्प बन्ने गरेको छ त्रिभुवन राजपथ ।

विपद्मा काठमाडौंसँग जोडिएका सबै राजमार्ग ठप्प हुँदा देशकै बुढो मानिएको त्रिभुवन राजपथले संधै काम दिँदै आएको छ । पृथ्वी राजमार्ग ठप्प हुँदा नेपालको तराईबाट काठमाडौं प्रवेश गर्ने एउटै विकल्पको सडक त्रिभुवन राजपथ हो । विपद्बाट उत्पन्न संकटले अहिलेमात्र होइन, २०५० सालदेखि काठमाडौंको 'लाइफलाइन'को काम गरिरहेको बताउँछन् थाहा नगर पालिकाको पूर्वनगरप्रमुख लवशेर विष्ट । २०५०, २०५९ र २०६१ को विपद्मा देशभरका सवारीसाधनको काठमाडौं आवतजावत गर्ने एकमात्र विकल्पको सडक त्रिभुवन राजपथ बनेको बिष्ट बताउँछन् ।

२०५९ मा हेटौंडाको राप्तीपुल, चितवन र मकवानपुरको सीमानास्थित लोथरमा भिषण बाढीले सडक बन्द हुँदा त्रिभुवन राजपथले लामो समयसम्म काम दिएको बिष्टले सम्झिए । त्रिभुवन राजपथ काठमाडौंसँग जोड्ने पुरानो सबैभन्दा बलियो र सुरक्षित सडक हुँदा पनि सरकारले बेवास्था गरेको विष्टको गुनासो छ । सडकहरूमा 'पासिङ वे', कल्भर्ट, पहिरो जोखिम क्षेत्रमा पर्खाललगायत संरचना, नाला निर्माण गर्नुपर्नेमा सरकारले ध्यान नदिएको उनले बताए ।

थाहा नगरपालिकाले विगतमा संघीय सरकारलाई यो सडकको पुन:निर्माणका लागि लिखित अनुरोध गर्दापनि कुनै चासो नदिएको पूर्वनगरप्रमुख विष्ट बताउँछन् । १० असोजदेखि १४ गतेसम्म परेको भिषण वर्षाले देशका प्रमुख राजमार्गहरू क्षतविक्षत बनाउँदा

काठमाडौंसँगको सम्पर्क टुट्न पुग्यो । संघीय राजधानी काठमाडौंलाई नेपालको तराईसँग जोड्ने प्रमुख सडक बिपी राजमार्ग र मध्य तथा पश्चिम नेपाललाई जोड्ने पूर्वपश्चिम लोकमार्ग हुँदै मुग्लिन-नागढुंगा खण्डको पृथ्वी राजमार्ग बाढीपहिरोले क्षतिग्रस्त बनायो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका अनुसार १२ किमि सडक बगेको बिपी राजमार्ग दशैं अगाडि खुल्ने स्थितिमा छैन ।

बाढीपहिरोले पूर्व-पश्चिम लोकमार्ग(महेन्द्र राजमार्ग)लाई ठूलो क्षति नपुऱ्याए पनि काठमाडौंको दुई 'लाइफलाइन' बिपी र पृथ्वी राजमार्ग पूर्णरुपमा सञ्चालनमा आउन नसकेका हुन् । पृथ्वी राजमार्ग अन्तर्गत त्रिभुवन राजपथअन्तर्गत नौबिसे नागढुंगा सडकको ड्याप्लेखोला, धाडिङको जोगिमारा, सलाङघाट, गल्छीको चिरौंदीमा पहिरो खसेको थियो । दैनिक १० हजारभन्दा बढी सवारीसाधनको चाप व्यहोर्ने पृथ्वी राजमार्गको पहिरो पन्छाएर सडक सुचारु गरिए पनि पूर्ण सञ्चालनमा आउन समय लाग्ने भएको छ । पृथ्वी राजमार्गको अत्यधिक सवारी चापले पूर्वपश्चिम लोकमार्गभएर नारायणगढसम्म आइपुग्ने पश्चिमी नेपालका सवारीले यतिबेला दुईवटा विकल्पमा यात्रा गरिरहेका छन् ।

एउटा पृथ्वी राजमार्ग भएर, अर्को हेटौंडा हुँदै त्रिभुवन राजपथ भएर धाडिङको नौबिसे निस्किँदै काठमाडौं प्रवेश गरिरहेका छन् । हेटौंडा-पालुङ-नौबिसे सडक खण्डको त्रिभुवन राजपथमा अत्यधिक सवारी चाप छ । पूर्वी नेपाललाई जोड्ने बिपी राजमार्ग र मध्यतराई तथा पश्चिम नेपाललाई जोड्ने पूर्वपश्चिम लोकमार्गको भारी देशकै बुढो त्रिभुवन राजपथले बोकिरहेको हो । वर्षाले त्रिभुवन राजपथमा खसेका साना पहिरो पन्छाएर यस सडक सञ्चालनमा ल्याइएको थियो । त्रिभुवन राजपथ भारत सरकारको सहयोगमा बि.सं. २००९ मंसिर ७ गते शनिवार राजमार्ग निर्माणको शुभारम्भ गरिएको थियो ।

नेपालको सबैभन्दा पुरानो यो राजमार्ग बढी घुम्ती भएकोले पारवहनको दृष्टिकोणले सहज नमानिएपछि सरकारले अन्य सडक निर्माण गरेको थियो । मकवानपुरका प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले पूर्वपश्चिम राजमार्ग र बिपी राजमार्गमा गुड्ने सवारीसाधन त्रिभुवन राजपथ हुँदै काठमाडौं आवतजावत गरिरहेको जानकारी दिए । 'बिपी राजमार्ग ठप्पै छ । पृथ्वी राजमार्ग पनि पूर्णरुपमा सञ्चालनमा नआएकाले नारायणगढसम्म आइपुग्नेका सवारीसाधन पनि यतैबाट चलिरहेका छन्' उनले भने ।

काठमाडौं प्रवेश गर्ने अधिकांश यात्रुबाहक साना सवारी त्रिभुवन राजपथ भएर सञ्चालन भइरहेको प्रजिअ चिलुवालले जानकारी दिए । 'ठूला गाडी सञ्चालनमा अहिले रोकेका छौं । साना गाडीकै चाप धेरै छ' उनले भने । मकवानपुर प्रशासनले धाडिङ प्रशासनसँगको समन्वयमा त्रिभुवन राजपथ पूर्णसञ्चालनमा ल्याएको हो । मकवानपुरका प्रहरी प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले त्रिभुवन राजपथमा ट्राफिक व्यवस्थापनका लागि थप ३० जना प्रहरीलाई परिचालन गरिएको जानकारी दिए । 'जहाँजहाँ पहिरो खसेको र साँघुरो छ त्यहाँ राख्ने गरी ३० जना प्रहरी थप परिचालन गरेका छौं, अत्यधिक सवारीचाप भएकाले ट्राफिक व्यवस्थापनलाई चुस्तदुरुस्त बनाउने प्रयास गरेका हौं' एसपी खड्काले साझाकुरासँग भने ।

मोटरसाइकल भने त्रिभुवन राजपथबाट नभई भैंसे-कुलेखानी हुँदै चन्द्रागिरी-थानकोट (गणेशमान सिंह मार्ग) बाट पठाइएको मकवानपुर प्रशासनले जानकारी दिएको छ । भैंसे-कुलेखानी हेटौंडा-काठमाडौं जोड्ने छोटो मार्गअन्तर्गत्को सडक हो । बाढीपहिरोका कारण छोटो मार्गको कुलेखानी-फाखेल-फर्पिङ र कुलेखानी-सिस्नेरी-फर्पिङ दुईवटा सडक बन्द छ । फाखेल-फर्पिङ सडक दुई दिनभित्र सञ्चालनमा ल्याउने गरी काम भइरहेको छ । बागमती प्रदेश सरकारले कुलेखानी जलाशय तलको पक्कीपुलमा क्षति पुगेपछि तत्काललाई डाइभर्सन निर्माण गरिरहेको छ । फाखेलको महालक्ष्मी खोलाको अवरोध हटाएपछि फाखेल-फर्पिङ सडक सञ्चालन हुनेछ । यो सडक चलेपछि त्रिभुवन राजपथको चाप घटाउन दुईतिरबाट सवारी सञ्चालन गरिने उनले जनाए ।

यातायात व्यवस्था विभागले नारायणगढदेखि काठमाडौं जोड्ने सडकमा ठूला सवारीसाधन सञ्चालनमा रोक लगाएसँगै त्रिभुवन राजपथको चाप बढ्न सक्ने देखिएको छ । यातायात व्यवस्था विभागले सूचना निकाल्दै 'ट्रेलरलगायतका ठूला सवारी २०८१ असोज १७ गते घटस्थापनादेखि कात्तिक १ गते पूर्णिमासम्म सञ्चालन गर्न रोक लगाउने' उल्लेख गरेको छ ।

खाद्यान्नसहितका अत्यावश्यक सामान बोकेका सवारी भने चल्न दिइने विभागले जनाएको छ । २६ मंसिर २०१० मा जीप मात्र चलाउन सकिने गरी तत्कालीन बडामहारानी कान्तीराज्यलक्ष्मीले राजमार्गको उद्घाटन गरेको त्रिभुवन राजपथबाट नियमित रुपमा ठूला सवारीको सञ्चालन चैत २०१५ बाट सुरु भएको थियो ।

त्रिभुवन राजपथसँगै बनेको कान्तिलोकपथ पनि बिकल्पको रुपमा प्रयोगमा आएको छ । ललितपुरको सातदोबाटोबाट हेटौंडासम्म जोडिने ९२ किलो मिटरको कान्तिलोकपथ वि.सं. २०१६ मा राजा महेन्द्रले आफैंले जीप हाँकेर उद्घाटन गरेका थिए । यो सडक पनि नेपाली सेनाले बनाएको हो । कान्तिलोकपथ अझै पूर्ण रुपमा सम्पन्न भइसकेको छैन । यो सडकमा अत्यधिक पहिरोको जोखिम छ । बाढीले यो सडक पनि हाल पूर्णरुपमा ठप्प छ ।

सिस्नेरी पहिरोमा मृत्यु भएका एन्फा एकेडेमीका खेलाडी परिवारलाई राहत

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ असोज ११ र १२ गतेको अविरल वर्षाका कारण मकवानपुरको सिस्नेरी गाउँपालिका-३ को पहिरोमा परेर ज्यान गुमाएका अखिल नेपाल फुटबल संघ एकेडेमीका दुई खेलाडीका परिवारलाई प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समिति मकवानपुरका संयोजक तीर्थराज चिलवालको टोलीले घरमै पुगेर बिहीबार राहत उपलब्ध गराएका छन् ।

सरकारको तर्फबाट प्रजिअ चिलुवालले प्रतिमृतक परिवारलाई २/२ लाख रुपैयाँ चेक हस्तान्तरण गरेका थिए । हेटौंडा उपमहानगरपालिका-१२ का मृतक अनुपम घलानका बाबु ललित घलानलाई २ लाख रुपैयाँ प्रजिअ चिलुवालले हस्तारन्तरण गरेका थिए । घलान जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख हुन् । यसैगरी मकवानपुरगढी-४ का मृतक साइमन योञ्जनका बाबु हेमबहादुर योञ्जनलाई प्रजिअ चिलुवाल २ लाख रुपैयाँ हस्तान्तरण गरेका थिए । राहत रकम हस्तान्तरण गर्न मकवानपुरका सुरक्षा निकायका प्रमुखहरु पुगेका थिए ।

मकवानपुरको सिस्नेरी टेकरका दिवस बानियाँको परिवार लाई सिस्नेरीस्थित घरमा नै गएर राहत रकम हस्तान्तरण गर्ने प्रजिअ चिलवाल बताए । हेटौंडाबाट सिस्नेरी पुग्न कुलेखानी ड्याम नजिकबाट झन्डै तीन घन्टा पैदल हिँड्नुपर्छ । सिस्नेरीको पहिरोमा परेर एन्फा एकेडेमीका ६ जना खेलाडीको मृत्यु भएको थियो । मृत्यु हुनेमा मकवानपुरका तीनजना बाहेक सर्लाहीका आदित्य बलम्पाकी, काठमाडौंका प्रियान्स आचार्य र निजगढका बिकल रेग्मी थिए । इन्द्रसरोवर गाउँपालिका-३, बत्सलादेवी माविमा एन्फाले राखेको यू-१४ क्याम्पका ४० खेलाडीमध्ये ६ जना पहिरोमा परेर ज्यान गुमाएका थिए ।

अविरल वर्षासँगै करिब ३१ वर्षपछि कुलेखानी जलविचुत् आयोजनाको बाँध भरिएपछि बाँधको ढोका खोल्दा सिस्नेरी खोलाको जलसतह बढेको थियो । खोलाको सतह बढेसँगै खेलाडीलाई सुरक्षित स्थानतर्फ सार्नेक्रममा पहिरोमा परेको एन्फा केन्द्रीय सदस्य टीकाराम लामाले बताए । एन्फाले गत वैशाखबाट सिस्नेरीको टेकरमा आवासीय सुविधासहित एकेडेमी सञ्चालन गरेको थियो ।

सिस्नेरी डोडारेका बाढीपीडितलाई राहत वितरण

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ मकवानपुरको सिस्नेरी गाउँपालिका-३ डोडारेका बाढीपीडितलाई राहत सामग्री वितरण गरिएको छ । 'सेभ द चिल्डेन' संस्थाले भाँडाकुँडा, त्रिपाल, म्याट, बालबालिकाका लागि कपडा, पानी जार, विद्यार्थीलाई झोलालगायत सामान दिएको हो ।

संस्थाबाट ६१ घर परिवारलाई सामग्री वितरण भएको सिस्नेरी गाउँपालिका उपाध्यक्ष उमा लामाले बताइन् । असोज १२ गतेको बाढीले सिस्नेरी बजार डोडारेका ३१ घर बगाएको थियो । घर भएका स्थानमा खोला बगिरहेको छ । काठमाडौंबाट सिस्नेरी गाउँपालिका-३ डोडारेसम्म अवरुद्ध सडक बिहीबार दिउँसोमात्रै खुलेपछि बाढीपीडितलाई राहत वितरण सम्भव भएको हो ।

हेटौंडाबाट लगेर खुर्कोटमा बेलिब्रिज निर्माण गरिँदै

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ सुनकोशी नदीमा आएको बाढीले बगाएको खुर्कोट र रामेछाप जोड्न हेटौंडाबाट लगेरबेलिब्रिज निर्माण हुने भएको छ । हेटौंडाबाट बेलिब्रिजका सामान लगेर तत्काल जोडिने भएको हो ।

लगातारको वर्षाले गतसाता सिन्धुलीको खुर्कोट र रामेछाप जोड्ने पुल बगाएको थियो । रामेछाप जोड्ने बीपी राजमार्ग अस्थायी रुपमा खोल्ने प्रयास भइरहँदा सुनकोशीमा बेलिब्रिज राख्ने तयारी भइरहेको सडक डिभिजन कार्यालय खान्टेले जनाएको छ ।

'हेटौंडाबाट बेलिब्रिजका समान मगाएका छौं, ४-५ वटा ट्रकमा समान आउँदै छ,' डिभिजन कार्यालयका इन्जिनियर प्रदीप तमाङले भने, 'बेलिब्रिज जोड्न २ हप्ताबढी लाग्ने देखिन्छ ।' रामेछाप जोड्न सिस्ता र दोलखा हुँदै जान सकिन्छ । खुर्कोटको पुल बगेपनि सडक सम्बन्ध भने टुटेको छैन । 'नेपाली सेना र हाम्रा प्राविधिक लागेर बनाउने हो । कति दिन लाग्छ भन्ने अहिले नै भन्न सकिँदैन,' उनले भने, 'दसैँअघि नै पुल सञ्चालन गर्न सक्ने त देखिँदैन ।'

आकर्षक जग्गा बिक्रीमा

हेटौंडा-११ स्थित सुन्दर बस्ती डाडुङ्गेमा रहेको बजारबाट २ कि.मि. मात्र दुरी भएको, होटल हेटौंडा हाइटबाट १०० मि. पछाडि २ कट्ठा १५ धुर क्षेत्रफल भएको आकर्षक जग्गा बिक्रीमा भएको हुँदा इच्छुकले तु.सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. ९८४५४६१०३८

सूचना ! सूचना !! सूचना !!!

अब किन जानु पर्‍यो विदेश ?

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

६०% बैंकिङ सुविधा

हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्

Singhabahini Moto Corp Pvt. Ltd.

९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्यास रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लास्टिक/ग्यास/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N_2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.

हेटौंडा, चौकीटोल

सम्पर्क नं.: ०५७-५९०३३३

यस पृष्ठमा प्रकाशित साहित्य बाहेकका सामग्रीहरु विभिन्न वेभसाइट, सामाजिक सञ्जाल तथा एजेन्सीहरुबाट साभार गरिएका हुन् ।

facebook twitter Google **विज्ञान/प्रविधि**

अड्किएका अन्तरिक्षयात्रीलाई ल्याउन उड्यो नासाको यान

स्पेस स्टेशनमा अड्किएका अन्तरिक्षयात्रीहरू सुनिता विलियम्स र बुच विलमोर लाई पृथ्वीमा फिर्ता ल्याउने नयाँ अन्तरिक्षयान प्रक्षेपाण गरिएको छ । अमेरिकी अन्तरिक्ष संस्था नासाको स्पेस एक्स क्रू ९ मिसन फ्लोरिडाको केप केनेरेभलबाट सफल प्रक्षेपण गरिएको हो उक्त ड्रागन क्याप्सुललाई फाल्कन ९ रकेटबाट लञ्च गरिएको हो । यसअघि सेप्टेम्बर २४ मा प्रक्षेपण गर्ने तय भएकोमा मौसमको खराबीका कारण सेप्टेम्बर २८ मा मात्रै प्रक्षेपण गरिएको हो ।

ड्रागन यानमा सुरुमा चारजना अन्तरिक्षयात्रीहरू स्पेस स्टेशनमा पठाउने योजना थियो । तर, केवल दुईजना मात्रै पठाइएको छ ताकि फर्किने समयमा सुनिता र बुचलाई ल्याउन सकियोस् । हाल पृथ्वीमा रोकिइएका दुईजना अन्तरिक्षयात्रीलाई आगामी मिसनमा पठाइनेछ ।

सुरुमा यो मिसनमा कमान्डर जेना कार्डम्यान, पाइलट निक हेग, मिसन स्पेसलिस्ट स्टेफनी विल्सन र रुसी अन्तरिक्षयात्री मिसन स्पेसलिस्ट एलेक्जेन्डर गोरबुनोभ रहने तय थियो । तर, अन्तिममा रुसी अन्तरिक्षयात्री एलेक्जेन्डर गोरबुनोभ र पाइलट निक हेगलाई मात्र पठाइएको छ । दुवै महिला अन्तरिक्षयात्री जेना कार्डम्यान र स्टेफनी विल्सन चाहिं अर्को मिसनमा अन्तरिक्षमा जानेछन् ।

निक हेग बने मिसन कमान्डर. ड्र्यागनका लागि हटाइयो स्टारलाइनर

मिसनका पाइलट निक हेग नै अहिले मिसन कमान्डर हुनेछन् जबकि एलेक्जेन्डर प्रोफालमा भने कुनै परिवर्तन भएको छैन । क्रू ९ मिसनको ड्रयागन क्याप्सुललाई स्पेस स्टेशनमा डक गर्नका लागि यसअघि नै त्यहाँ स्थान बनाइँदैछ । त्यसका लागि स्टारलाइनर यानलाई पहिले नै पृथ्वीमा पठाइसकिएको छ । त्यसको ठाउँमा ड्रयागन क्याप्सुल स्पेस स्टेशनसँग जोडिनेछ । यो यान करीब ७ घण्टामा स्पेस स्टेशनमा पुग्नेछ ।

के हो क्रू ९ मिसन ?

यो अमेरिकी अन्तरीक्ष संस्था नासाको कमर्सियल क्रू प्रोग्रामको हिस्सा हो । स्पेस एक्ससँगको सहकार्यमा अन्तरिक्ष स्टेशनमा दुईतर्फी ९ वटा यात्रा यसमा हुनेछन् ताकि स्पेस स्टेशनमा लगातार अनुसन्धान होस् । यसबाट विश्वको मौसमका विषयमा सही जानकारी प्राप्त हुनेछ । २ दशकभन्दा लामो समयदेखि अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेशनमा निरन्तर रुपमा अन्तरिक्षयात्री बस्दै आएका छन् । स्टेशनमा निश्चित समय बसेका अन्तरिक्षयात्रीलाई फिर्ता ल्याउन र नयाँलाई त्यहाँ पठाउनका लागि यस्ता मिसन आवश्यक पर्दछन् ।

के हो ड्र्यागन क्याप्सुल ?

एलन मस्कको कम्पनी स्पेस एक्सले निर्माण गरेको ड्र्यागन क्रू क्याप्सुल निर्माण पश्चात् हालसम्म ४६ पटकसम्म लञ्च भैसकेको छ । यसले ४२ पटकसम्म स्पेस स्टेशनको यात्रा गरिसकेको छ र २५ पटक पुन:उडान भएको छ । यो क्याप्सुलमा एक पटकमा ७ जना अन्तरिक्षयात्री बस्ने सुविधा छ ।

यो विश्वको पहिलो निजी अन्तरिक्षयान हो, जसले स्पेस स्टेशनमा लगातार अन्तरिक्षयात्री र कार्गोलाई लैजाने, ल्याउने काम गरिरहेको छ । यो क्याप्सुलको वजन ७ हजार ७ सय केजी रहेको छ । कार्गो तथा अन्तरिक्षयात्रीसँग लञ्च गर्दा यसको अधिकतम १२ हजार ५ सय केजी सम्म हुन्छ । कुनै कक्षमा यसले ६ हजार केजी वजन पुऱ्याउन सक्दछ ।

स्पेस स्टेशनसम्म चाहिं यसले ३३०७ केजी वजन पुऱ्याउन सक्छ । आम रुपमा यसले २ देखि ४ जनासम्म अन्तरिक्षयात्री बस्दछन् भने आपतकालीन अवस्थामा ७ जनासम्म ।

आफ्नै सामर्थ्यमा १० दिनसम्म रहनसक्ने कक्षमा

यदि यो यानले आफ्नै सामर्थ्यमा पृथ्वीको तल्लो कक्षमा उडान भऱ्यो भने यो १० दिनसम्म अन्तरिक्षमा रहन सक्दछ । तर , स्पेस स्टेशनसँग जोडिएमा यो २१० दिनसम्म अन्तरिक्षमा रहन सक्छ ।

ड्र्यागन क्रू क्याप्सुलको उचाइ १५ फिट छ । तर, तल्लो प्रोपल्सन सिस्टमसमेत जोड्दा यसको कुल उचाइ २६.७ फिट हुन्छ । क्याप्सुलभित्र १३ फिटको व्यास तथा १२ फिटको उचाइ रहेको छ । स्पेस एक्सले यसका विभिन्न प्रकार बनाएको छ । अहिलेसम्म १२ वटा ड्र्यागन क्याप्सुल बनाइएको छ, जसमा ६ वटा मानवयान, ३ वटा कार्गो तथा ३ वटा प्रोटोटाइप हुन् ।

हाल त्यसमध्ये ८ वटा ड्र्यागन क्याप्सुल मात्र चालु अवस्थामा छन् । जसमा चारवटा क्रू क्याप्सुल हुन्, जसले अन्तरिक्षयात्रीलाई अन्तरिक्ष स्टेशनमा च्याउन तथा फर्काउने काम गर्दछन् । त्यस्तै तीनवटा कार्गो क्याप्सुलले सामान ओसारपसार गर्दछन् । तीनवटा क्याप्सुल चाहिं रिटायर्ड भैसकेका छन् ।

ड्र्यागन क्याप्सुलको पहिलो मानवरहित उडान सन् २०१९ को मार्च २ मा भएको थियो । मानवयुक्त पहिलो उडान चाहिं २०२० को मे २० मा भएको थियो । त्यस्तै पहिलो कार्गो उडान सोही वर्ष डिसेम्बर ६ मा भएको थियो । यसलाई आमरुपमा स्पेस एक्सको फाल्कन रकेटबाट प्रक्षेपण गरिन्छ । स्पेस स्टेशनसम्म जान र पृथ्वीमा फिर्ता आउनका लागि यसमा २५६३ केजी इन्धन हालिन्छ ।

स्वास्थ्य

महिनावारी हुने र सुक्ने समयमा किन परिवर्तन आउँदैछ ?

विगतमा किशोरावस्थामा पुगेपछि किशोरीमा महिनावारी सुरु हुन्थ्यो । तर अहिले यो उमेर घटेर ९-१० वर्षमा झरेको छ । अर्थात् उमेर नपुग्दै बालिकामा महिनावारी चक्र सुरु भएको छ । पछिल्लो समय महिनावारी हुने उमेर घट्नुका साथै रजोनिवृत्ति हुने उमेर पनि घटेको छ । धेरै महिलाको पहिलो महिनावारी उसको पारिवारिक पृष्ठभूमिको आधारमा पनि निर्धारण हुने गर्छ । आमा तथा हजुरआमाको पहिलो महिनावारी कुन उमेरमा भएको हो, त्यसको आधारमा पनि ती घरकी महिलाको महिनावारी मापन गर्न सकिन्छ, जुन आनुवंशिक कारणमध्येमा पर्ने स्त्री तथा प्रसूतिरोग विशेषज्ञ डा. जागृति खनाल बताउँछिन् ।

'पछिल्लो समय महिनावारी हुने उमेर धेरैमा घट्दो छ, त्यसको एउटा कारण बदल्दो जीवनशैली हो । पहिलेका बालिका शारीरिक रुपमा सक्रिय हुन्थे, त्यसैले पनि उनीहरूको महिनावारी हुने अलि ढिलो हुने गर्थ्यो' डा. खनाल भन्छिन्, 'अहिले जीवनशैली एकदमै निष्क्रिय भएको छ । पछिल्लो समय मोटोपनको कारण पनि महिनावारीको समस्या बढ्दै गएको छ ।' अहिलेका बालबालिका पढाइ लगायत विभिन्न तनावमा पनि हुन्छन् । साथै थाइराइडको डिसअर्डर र जलवायु परिवर्तनले गर्दा पनि यस्तो समस्या देखिएको खनाल बताउँछिन् । नयाँ अनुसन्धानले संयुक्त राज्य अमेरिकामा किशोरीहरूमा कम उमेरमै महिनावारी सुरु हुन थालेको देखाएको छ । दूषित वायुलाई त्यसका लागि जिम्मेवार ठानिएको छ ।

छिटो महिनावारी सुरुने कारण

४० वर्षमुनिका महिलामा महिनावारी सुरुनुलाई छिटो रजोनिवृत्ति भनिन्छ । र जोनिवृत्ति सामान्यतया ४५ देखि ५० वर्षको उमेरमा सुरु हुन्छ । तर कतिपय महिलामा चाँडै अर्थात् ४० देखि ४५ वा ४० भन्दा अघि पनि रजोनिवृत्ति सुरु हुन्छ । चाँडै रजोनिवृत्तिको कारण धेरै हुने डा. खनाल बताउँछिन् । 'प्रकृतिले महिलालाई जन्मिने बित्तिकै निश्चित अण्डा दिएको हुन्छ । उमेर बढ्दै गएपछि महिनावारी चक्रपिच्छे अण्डा खर्चिंदै जान्छ र अण्डा सकिएपछि रजोनिवृत्ति हुन्छ । 'जस्तो १२ वर्षको उमेरभन्दा पहिले नै महिनावारी हुने महिलाहरूमा महिनावारी सुक्ने सम्भावना ४० देखि ४४ वर्षको उमेरबीच हुने गरेको पाइन्छ ।'

यदि आमाको चाँडै रजोनिवृत्ति भयो भने छोरीलाई पनि चाँडै रजोनिवृत्ति हुन्छ । यस बाहेक त्यहाँ केही अटोइम्युन अवस्था वा अटो इम्युन सिनड्रोम छन्, जुन महिलामा बढी सामान्य हुन्छन् जसको कारणले गर्दा समयभन्दा पहिले नै महिनावारी रोकिने खनालले बताइन् । 'यदि पाठेघर सानै उमेरमा हटाइन्छ वा क्यान्सरको उपचार गराइरहेको छ र केमोथेरापी गराइरहेका छन् भने पनि महिनावारी समयभन्दा पहिले नै बन्द हुनसक्छ । प्रि-मेनोपजको अर्को कारण धुम्रपान पनि हो । धुम्रपान गर्ने धेरै महिलामा पनि रजोनिवृत्ति चाँडै हुन्छ,' उनी भन्छिन् । महिनावारी सुक्ने बेलामा धेरै महिलामा विभिन्न स्वास्थ्य समस्या देखा पर्छन् । यसको बारेमा पूर्ण ज्ञान अर्थात् जानकारीले समस्या सम्बन्धी चिन्ता र बोझ कम गर्न मद्दत गर्ने डा. खनाल बताउँछिन् ।

महिनावारी सुक्नेबेला देखा पर्ने लक्षण

महिनावारी रोकिएपछि महिलाको शरीरमा 'एस्ट्रोजोन' र 'प्रोजेस्ट्रोन' हर्मोनको कमी हुन्छ, जसले विभिन्न शारीरिक परिवर्तन देखा पर्छन् । हर्मोनको कमीले निद्रा नलाग्ने, खलखल पसिना आउने, एकदमै जाडो र गर्मी हुने जस्ता लक्षण देखा पर्ने स्त्री तथा प्रसूति रोग विशेषज्ञ डा. खनाल बताउँछिन् । 'यी हर्मोनले शरीरमा क्याल्सियम अवशोषित गर्ने काम पनि गर्छ । जसकारण हाडजोर्नी कमजोर भएर ढाड, कम्मर र जोर्नी दुख्नेजस्ता समस्या देखिन्छन्' उनी भन्छन्, 'कतिमा त मुटुमा नै समस्या देखिने पनि हुनसक्छ ।' हर्मोनको कमीले गर्दा भावनात्मक परिवर्तन देखा पर्छ । जसले गर्दा मुड परिवर्तन हुने, सानो सानो कुरामा रिस उठ्ने र झकों लाग्ने पनि हुनसक्ने खनालले बताइन् ।

लक्षणलाई कम गर्ने उपाय

महिनावारी रोकिएपछि हर्मोनको कमीले शरीरमा विभिन्न परिवर्तन तथा समस्या देखा परेको छ भने त्यसको उपचार हर्मोनल रिप्लेसमेन्टबाट हुने डा. खनाल बताउँछिन् । 'कमी भएको हर्मोनलाई बाहिरबाट औषधि वा भजाइनामा लगाइने जेलको माध्यमबाट दिएर शरीरमा हर्मोनको मात्रा बढाइने गरिन्छ' उनी भन्छन्, 'बाहिरबाट दिएको त्यो हर्मोनल औषधिको प्रयोग डाक्टरको सल्लाहअनुसार गर्नुपर्छ । यसो गरेमा हर्मोनको कारणले शरीरमा भएको परिवर्तन र समस्या कम हुन्छ ।'

साहित्य

कथा

भारी डुङ्गा

✍ सम्वृद्धि बास्तोला

कक्षा : ९, नवोदय शिशु सदन

यो कथा एउटा भोलैं भन्ने गाउँको हो । यो गाउँ चिटिक्क परेको थियो र सानो थियो । यो गाउँमा दुई दाजुभाइको घर थियो । भाइको नाम हरि थियो । स्वास्ती सुजता र छोरा हिरा थिए । जेठो दाइको नाम रिसव, श्रीमती सेजन र एउटी छोरी हेमा । सम्पत्ति विभाजनमा कान्छो भाइले बढी लिएर धनी भयो भने जेठो दाइलाई पसिना खटाएर घर चलाउनु पर्थ्यो ।

हरिको परिवार धनीमानी भएकाले रिसवको परिवारलाई हेप्ने गर्थ्यो । जेठो छोराको परिवारको कोही सदस्य हरिको घर गएमा यो छुन हुँन त्यो हुन हुँन भनी हेप्थे । हरिको छोरा हिराको पढाइ रामरो थिएन । रिसवको छोरी साह्रै राम्रो पढ्थी । रिसव सामान ओसार पसार गर्ने काम गर्थ्यो ।

त्यो कामबाट खासै राम्रो तलब आउँदैन थियो । रिसब काममा गएको थियो । श्रीमती र छोरी घरमै थिए । । एकदिन एक्कासि मौसम अँध्यारो भयो । रिसवको श्रीमती सेजनले भनी, "लौ ए एक्कासि मौसम किन कालो भएको होला केही नराम्रो हुन्छ कि क्या हो ?"

हेमाले भनी, "ममी बाबा किन नआउनु भएको अँध्यारो भइसके छ त ?" सेजनले भनिन् "राति भएर अँध्यारको भएको होइन छोरी । आउँदै हुनुहुन्छ होला ।"

रिसव साँझ छ बजेतिर घर आइपुग्यो । "कति चाँडो अध्यारो भएको" रिसवले आत्तिँदै भन्यो । "मेरो त मनमा पनि थरी थरी कुरा खेलिरहेको छ" कोही नराम्रो हुन पो हो कि ?

हरि बिहान मासु किन्न जाँदै थियो । रिसवलाई तरकारी पसलमा देख्यो तर केही नबोली मुख पर्काएर हिँड्यो । यो देखेर रिसवले मन मनै भन्यो, "लोभले लाभ लाभले विलाप । देख्ने छ र बुज्ने छ यो हरिले एकदिन ।"

त्यो दिन शनिबार भएकाले हरि निघरमै रिसव पनि घरमै थिए । । हिजोदेखि नै गाउँ र मनमा असहज महसुस भइरहेको हुन्छ । गाउँबाटै एउटा घरको मान्छेले गोठमा आगो सल्काएर खोले बनाएर छोडेको थियो । त्यो आगो सल्किएर परालमा पनि सल्कियो । गाउँ सानो भएकाले चाडै आगो सल्कियो गाउँभरि । हरिको परिवार आत्तिएर सम्झे कि नदी पारी डुङ्गाबाट सहर जानु पर्ला । रिसवलाई पनि सम्पत्ति भाग लाग्दा डुङ्गा पाएको भएकाले डुङ्गाबाट सहर भाग्ने विचार गरे ।

गाउँ सानो भएकाले आगो सल्किएर नजिक नजिक आइसकेको थियो । हरिले परिवारलाई त बोलायो तर पैसा र धनको लोभ भएकाले पैसा, सुन, गरगहना र आदि अमुल्य सामानको भारी बनायो । डुङ्गा सानो थियो । नदी गहिरो । रिसवले आफ्नो सबै परिवार अटायो । पेट भर्न सक्ने पैसा सामल बोक्यो । छोराछोरीको केही कपडा पनि हाल्यो ।

हरिको डुङ्गा भारी न भारी भयो । नदी गहिरो भएकाले नदी पार गर्न कठीन भयो । त्यो रिसवले हेरिरहेको थियो । बच्चाको माया र डर लागेर हरिको छोरालाई आफ्नो डुङ्गामा बोलायो । आफूसँगै लिएर गयो । बिचमै डुङ्गा भारी भएकाले हरि र उसकी श्रीमती तथा धन सबै खोलामा डुबी बगायो ।

सङ्घर्षमयी जीवन

✍ श्वेता पौडेल

कक्षा : ९, नवोदय शिशु सदन

"अब हाम्रो छोरा हुन्छ कि छोरी ?" बुढीले ८ महिना हुँदा बुढालाई प्रश्न गरिन् । पक्कै नै छोरा हुनुपर्छ, मलाई छोरा नै चाहिएको छ" बुढाले भने ।

हजुरआमाले पनि छोराको कुरालाई सहमती जनाउनुभयो । यसरी सबै परिवार छोरा हुन्छ भन्ने आशमा बसेका थिए । बुढी पनि छोराको आशमा बसेकी थिइन् । ९ महिनामा सुत्केरीका लागि बुढा बुढी अस्पताल गए । छोरा, छोरा छोरा भन्दै बुढाले भनिर हेका थिए ।

बाहिर नर्स आएर "बधाई छ तपाईँको घरमा लक्ष्मी भित्रिन् भनिन् । बुढा चकित भएर "छोरी रे !" भने ।

बुढी र बुढा दुवै दुखित भए । जन्मेकी छोरीलाई सरापे । यो सुनेपछि हजुर आमा पनि रिसाउनुभयो ।

यो अलच्छिनीले अब हाम्रो घर बेरुप गर्दिने भइन् भन्दै हजुरआमाले कराइरहनु भएको थियो । त्यो १ महिनाको छोरीको जीवन नर्क झैं भएको थियो । छोरीको उमेर बढ्दै गयो । ५ वर्षको उमेरमा छोरीलाई सरकारी स्कूलमा भर्ना गरियो । पैसा खर्च गर्न जन्मेकी, छोरीले पढ्नु हुँदैन भन्दै बुढीले कराउँथिन् । छोरी रुँदै रुँदै स्कूल जान्थी । छोरीलाई आमा, बुबाको साथ चाहिएको बेला कसैले उसलाई वास्ता गरेनन् । उसले आफूलाई माया गर्ने मान्छे कोही छैन भन्दै रुन्थी ।

छोरी हुर्किंदै हुर्किंदै गई । छोरीको पहिलो महिनावारी भयो । सबै परिवारले मलाई नछो, नछो भन्दै गाईको गोठमा थुनिदिए । छोरीले किन यस्तो घरमा जन्माइदिनु भयो प्रभु भन्दै दिन रात रवाँ रवाँ रुन्थी । त्यो आँसुको परिवारले कहिल्यै कदर गरेनन् ।

छोरी ७ कक्षामा हुँदा स्कूलमा प्रथम भइन् । घर आएर "बुबा आमा म प्रथम भएँ नि," भन्दा छोरीको प्रगति नजरअन्दाज गरे । छोरी २० वर्ष लागेपछि काठमाडौँमा उसको पढ्नका लागि छात्रवृत्ति आयो । परिवार कहिल्यै यो कुरामा खुसी भएनन् । अहिले छोरा भएको भए, हामीलाई कति सुख दिन्थ्यो, यसले त वास्ता पनि गर्दिन भनेर सबैले गिज्याउँथे । छोरी आफ्नो सपना पूरा गर्न यहाँसम्म आइपुगेकी थिइन् । छोरीको जीवन यस्तै नै रहेछ भन्दै उसले चित्त बुझाउँथी । २५ वर्षको उमेर पुगेपछि छोरीको सबै पढाइ सकियो र उनले आफ्नो सपना पूरा गर्न लागी । छोरी मुटुको डाक्टर बन्न सफल भई । अब दिन रात बाहिर डुल् । घरमा बस्नुपर्दैन तलाई" भन्दै आमाले गिज्याउँथिन् ।

"आमा, किन मलाई यति हेला गर्नुहुन्छ ? म पनि हजुरको छोरी त हो नि ! तपाईं पनि त एउटा नारी हो, के तपाईलाई यस्तो व्यवहार गरेको राम्रो लाग्छ ? आफैं भन्नुस् न" रोई रोई छोरीले भनी । आमा गहिरो सोचमा पर्नुभयो ।

मैले कहिल्यै तपाईँहरुको नाक काटिनँ, अझै झन सान बढाएको छु आमा, त्यही पनि किन यस्तो व्यवहार देखाउनुहुन्छ ?" छोरीले भनी । आमा र बुबाको मनमा चसक छोयो । "हामीलाई माफ गर छोरी । हामीले कहिल्यै तिम्रो दुख बुझ्ने प्रयास गरेनौं, सधैं छोरा छोरा भन्दै तिमीलाई गिज्यायौं, माफ गर्दै छोरी ।" दुवैले आँसु झार्दै माफी मागे ।

"हैन हैन भयो आमा, बुबा" भन्दै छोरीले आँसु पुस्दी । हजुरआमाले पनि सहमत गर्नुभयो । त्यसपछि काठमाडौँमा घर किनेर सबै परिवार हाँसी खुसी बसे । कहिल्यै नपाएको माया पाएपछि छोरी एकदमै खुसी भइन् । यसरी ती छोरीमा भेदभाव गर्नेहरुलाई पनि उनीहरुले छोरीको महत्व बारे बुझाए । यसरी त्यो समाजमा छोरीमाथि गरिएको भेद्भाव बाल विवाह जस्ता गतिविधिहरु हट्दै गयो र समाजको विकास पनि भयो ।

कविता

मेरी प्यारी हजुरआमा

✍ शिखा बिडारी

कक्षा : ६, नवोदय शिशु सदन

हजुरआमा मायाकी खानी गर्दछिन् स्याहार
घरका काम एक्लै गर्छिन् सबैरै उठेर
हजुर आमा मायाकी खानी हाम्रो नै साहारा
गर्दछौ खेती तिमीले धेरै उब्जाउन आहारा

गर्छिन् उनी देउता माथि धेरै नै विश्वास
उनको कथा धेरै नै राम्रो अनौठो र खास
मिठो र राम्रो ख्वाउछिन् खाना हजुर आमाले
चस्किन्छ मन मेरो नि धेरै उनको दुःखले

हजुर आमा धेरै छ माया यो मेरो मुटुमा
तिमीनै तिमी छौ यहाँ हेर यो मेरो मुटुमा
सम्पूर्ण काम उनी नै गर्छिन् मलाई नअराई
उनकी प्यारी नातिनी बन्न गर्व छ मलाई

चित्रकला



दिपाशना थापा
जी.एस. निकेतन मा.वि. हेटौंडा

विपद्का बेला के गर्दैछन् सांसदहरू ?

काठमाडौं/अविरल वर्षापछि असोज११ र १२ गते आएको बाढी पहिरो प्रभावित जिल्लाका जनप्रतिनिधिको दिनचर्या बदलिएको छ । उनीहरू पीडित र प्रभावित नागरिकको उद्धार, व्यवस्थापन र राहतमा बिहानदेखि रातिसम्मै खटिएका छन् । नीति निर्माणको जिम्मेवारी बोकेर संघीय संसद् सदस्यमा निर्वाचित जनप्रतिनिधिहरू कुनै कार्यकारी भूमिकामा छैनन् । तैपनि उनीहरू विपद्ले बिथोलेका आफ्ना मतदातालाई सघाउन बाढी-पहिरो प्रभावित क्षेत्रमा खटिएका छन् ।

सांसदहरू आफ्नो निर्वाचन क्षेत्रमा विपद् प्रतिकार्य र प्रतिलाभ कार्यमा समन्वयकारी भूमिकामा देखिन्छन् । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) की नेतृ तथा ललितपुर-३ बाट निर्वाचित सांसद तोसिमा कार्की हरेक दिन बाढी प्रभावित क्षेत्रमा पुग्छिन् । पीडितको अवस्था बुझ्छिन् र व्यवस्थापनका लागि सम्बन्धित निकायमा खबर पुऱ्याउँछिन् । जनप्रतिनिधिहरूको उपस्थिति र समन्वयकारी भूमिकाले पनि पीडित नागरिकले राहत महसुस गर्ने र प्रतिकार्यमा सघाउने डा. कार्कीको अनुभव छ ।

'सम्बन्धित निकायलाई भनिदिंदा, समन्वय गर्दा मात्रै पनि धेरै फरक पर्दोरहेछ' उनी भन्छिन्, 'खाद्यान्न, आवास, खानेपानी जस्ता तत्कालका आवश्यकता पूर्तिमा सहज हुनुका साथै नीति र दीर्घकालीन कार्ययोजना बनाउँदा ध्यान दिनुपर्ने कुराहरू पनि बोध हुँदोरहेछ ।' कार्कीका अनुसार नब्बु खोलाको बाढीसँगै चोभारको डाँडाबाट फर्किएर आएको फोहोर आदिनाथ मार्गमा थुप्रिएर फोहोरको सानोतिनो पहाड नै बनेको छ ।

थुप्रिएको फोहोर हटाउन कार्कीले फिल्डबाटै गृहमन्त्री रमेश लेखक, प्रमुख जिल्ला अधिकारी, स्थानीय सरकार र नागरिक समाजका अगुवाहरूको ध्यानाकर्षण गराइन् । सबैको जोडबलमा नेपाली सेना सहितको जनशक्ति फोहोर व्यवस्थापनमा खटियो । 'उक्त फोहोर हटाउन स्थानीय सरकार र नागरिकलाई महिनौं लाग्ने अवस्था थियो तर, मैले सम्बन्धित निकायहरूसँग समन्वय गरें' उनी भन्छिन्, 'शुक्रबार बाट फोहोर हटाउन नेपाली सेना सहित चार सय जति जनशक्ति खटिएर काम गर्दा त्यो क्षेत्रमा सम्भावित स्वास्थ्य महामारी टार्न सक्यौं ।'

दक्षिण ललितपुरको विकट क्षेत्रका केही ठाउँमा त चार दिनसम्म सञ्चार सम्बन्ध नै टुट्न पुगेको थियो । सरोकारवालाहरूले पहल लिएर जेनेरेटरको सहायताले पाँचौं दिनमा महांकाल गाउँपालिका लगायतका स्थानमा संचार सेवा पुनः सुचारु भयो । सांसद काकीले सञ्चार सेवा सुरु गर्न गृहमन्त्री, सञ्चार मन्त्री, नेपाल विद्युत् प्राधिकरण र नेपाली सेनासँग कुरा गरेको बताइन् ।

बाढीले विद्युतका पोल बगाउँदा लिनपुरका कतिपय क्षेत्रमा चार दिनसम्म विद्युत सेवा अवरुद्ध भएको थियो । 'म फिल्डमै छु, रातिसम्म यही बस्तु भनेपछि राज्यका जिम्मेवार निकायमाथि दबाब पर्नेरहेछ' कार्की भन्छिन्, 'नेपाल विद्युत् प्राधिकरणसँग सम्नन्वया विद्युतका पोल बोकेरै लगेर र रातिमा समेत काम गरेर विद्युत सेवा पुनः सुचारु गराउन सकिएको छ ।'

सांसद कार्कीले गत साउन ७ गते विपद् व्यवस्थापनको गुरुयोजना (पूर्व तयारी) बनाउन माग गर्दै जरुरी महत्वको प्रस्ताव प्रतिनिधिसभामा दर्ता गरेकी थिइन् । उक्त प्रस्तावउपर गत भदौ १२ गते छलफल भएको थियो । त्यस दिन २९ जना सांसदले भाग लिएका थिए । सरकारका तर्फबाट स्वास्थ्य तथा जनसंख्य मन्त्री प्रदीप पौडेलले बाढी, पहिरो, डुबान लगायतको पूर्व तयारी सरकारले गरेको र यस्तो विपद्रबाट आउन सक्ने हैजा लगायतका महामारी नियन्त्रण र पूर्व तयारीका लागि ६ वर्षे योजना बनाएर काम भइरहेको बताएका थिए ।

'तर, विपद् आएपछि सरकारको पूर्व तयारी नरहेको देखियो । बोलीमा सबै गर्ने व्यवहारमा केही नगर्ने हाम्रो प्रवृत्तिले पनि विपद्रुमा हामी अत्तालिने गरेका छौं' कार्की भन्छिन् । अब संसद् खुलेपछि विपद्को पूर्व तयारीको प्रणाली विकासका लागि भूमिका खेल्ने उनको प्रतिबद्धता छ । 'नेपालमा पूर्व तयारीको प्रणाली विकास भइसकेको छैन । यो हुने र काम गर्ने भए कोही अत्तालिनुपर्ने थिएन' कार्कीले भनिन् । जनप्रतिनिधि कार्यक्षेत्रमा गएर जिम्मेवार निकायलाई खबरदारी गर्न सक्दा जनताले राहत महसुस गर्ने उनको अनुभूति छ । 'जनप्रतिनिधि कार्यक्षेत्रमा हुँदा स्थानीय सरकारका प्रतिनिधिहरू पनि खुसी हुने र विपद्रुमा परेका नागरिकहरूले पनि अभिभावक पाएको महसुस गर्ने रहेछन्', सांसद कार्कीले भनिन् ।

विपद्रुमा साथसाथ

यस वर्षको बाढी र पहिरोबाट सिन्धुपाल्चोक पनि अति प्रभावित छ । सिन्धुपाल्चोकका दुवै निर्वाचन क्षेत्रका संघीय जनप्रतिनिधि मतदातासँगै छन् । सिन्धुपाल्चोक निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित सांसद माधव सापकोटा पहिरो पन्छाउने, प्रभावितको व्यवस्थापन गर्ने, राजमार्ग खुलाउने लगायत काममा व्यस्त रहेको बताउँछन् ।

सिन्धुपाल्चोक-२ बाट निर्वाचित मोहनबहादुर बस्नेत बिहानदेखि साँझसम्मै प्रभावित नागरिकहरूसँगै छन् । 'अविरल वर्षापछिको बाढीपहिरोले धेरै नै जनधनको क्षति भयो, म फिल्डमै छु, घाइतेहरूको खोज र उद्धार कार्यमा आफ्नो ठाउँबाट काम गरि रहेको छु ।'

सांसद बस्नेतले तत्कालका लागि खाद्यान्नको जोहो गर्नेदेखि पहिरो हटाउन डोजर लगायतका कार्यको व्यक्तिगत रूपमा पहल लिए समेत काम गरिरहेको जानकारी दिए । उनले बाढीपहिरोमा परी मृत्यु भएका सिन्धुपाल्चोकका मृतकका परिवारलाई प्रति मृतक परिवार राहत स्वरूप ५० हजार उपलब्ध गराउने घोषणा गरेका छन् । यो रकम स्थानीय तह मार्फत दिइने उनले जानकारी दिए ।

विपद्का बेला संघीय जनप्रतिनिधको उपस्थितिले एकीकृत रूपमा उद्धार र व्यवस्थापनको कार्य गर्न सहज भएको अर्का सांसद सापकोटाको अनुभव छ । 'ब्युरोक्रेसीको आफ्नो च्यानल हुन्छ । सडक, पुल भत्किएपछि कसलाई भन्ने, के गर्ने भन्ने प्रक्रिया हुन्छ' उनले भने, 'तर, हामीले फिल्डबाटै कार्यालय प्रमुखसँग समन्वय गरेपछि काम छिटो हुँदोरहेछ ।'

सांसद सापकोटाको अनुभवमा ह्युम पाइपदेखि अन्य निर्माण सामग्री जुटाउन निजी क्षेत्रसँग समन्वय गर्न पनि विपद्को बेला सांसदले प्रभावकारी समन्वय गर्न सक्छन् । 'फिल्डमा पुगेर ह्युम पाइप चाहियो, अन्य सामान चहियो भन्दा दबाब हुन्छ, सरकारसँग नभए निजी क्षेत्रले पनि उपलब्ध गराउँछन् र एकीकृत रूपमा काम हुन्छ', उनले भने । सांसद सापकोटाले अहिले राजमार्ग खुलाउने, मृतकको पोस्टमार्टम गराउने र अस प्रतिकार्यका काममा समन्वयका काममा केन्द्रित रहेको जानकारी दिए ।

पहिरोबाट निकालिएका १० शव नेपाली सेनासँग समन्वय गरेर हेलिकप्टर मार्फत काठमाडौं पठाइएको र चार वटा शव स्थानीय स्तरमा उपलब्ध डाक्टर मार्फत पोस्टमार्टम गरारए अन्त्येष्टिको व्यवस्था गरिएको उनले सुनाए । स्थानीय सरकारले संघीय जनप्रतिनिधिको साथ पाउँदा विपद् व्यवस्थापनमा सहज महसुस गर्ने गरेको सांसद सापकोटाको अनुभव छ । विपद्पछि समेत प्रभावितको लागि दीर्घकालीन काम गर्नुपर्नेमा उनको जोड छ ।

'पाकेको धानबाली भित्र्याउन भकारी र धोको ठिक पारेर राखेको नागरिकको धानबाली बगरमा बदलिएको छ, अब खेतीयोग्य जमिन पनि बाँकी रहेन' उनले भने, उहाँहरूलाई कति पीडा होला, यो पीडामा काम गर्नुपर्नेछ ।' संघ र प्रदेश सरकारले तत्कालका लागि घोषणा गरेका राहतको सदुपयोग होस् र बढी प्रभावित पहिलो प्राथमिकतामा पस्नू भनेर चनाखो रहेको सांसद सापकोटाले सुनाए । उनी विदेश भ्रमण रद्द गरेर विपद्का बेला नागरिकक्हाँ गएको दावी गर्छन् ।

सांसद सापकोटा सहित विभिन्न राजनीतिक दलका नेताहरूलाई यही असोज १४ र १५ गते एउटा सम्मेलनमा सहभागिताका लागि केयावत आमन्त्रण गरेको थियो । तर, बाढी र पहिरोले आफ्नो निर्वाचन क्षेत्र प्रभावित भएपछि भ्रमण रद्द गरेको सापकोटाले जानकारी दिए ।

राजमार्ग खुलाउँदै लेखनाथ

सिन्धुलीबाट संघीय संसदमा प्रतिनिधित्व गर्ने सांसद लेखनाथ दाहालले अविरल वर्षाले अवरुद्ध गरेका र भत्काएका सडक खुलाउने कार्यमा लेगिरहेको जानकारी दिए । 'पहिलो प्राथमिकता आवत जावतका लागि सडकमार्ग खुलाउनु हो, यसैका लागि समन्वय गर्ने र पहल लिने कामम छु' उनले भने, 'तीनवटै तहको सरकारसँग समन्वय गरेर निजी क्षेत्रका साथीहरू र नेपाली सेनाको सहयोगमा काम भइराखेको छ ।'

दाहालका अनुसार बीपी राजमार्ग अन्तर्गत नेपालथोक धुलिखेल सडक खण्डको सिन्धुलीतर्फको नेपालथोक, आपधारी, देवीस्थान, सिमाना खण्डको वैकल्पिक बाटो निर्माण भइराखेको छ । बीपी राजमार्ग अन्तर्गत सिन्धुलीमाढी बजारबाट सोलाभञ्जाड, खनियाँखर्क, खुर्कोट, खाल्टे, रामटार हुँदै नेपालथोकसम्मको राजमार्ग सुचारु भएको छ । बीपी राजमार्ग अन्तर्गत सिन्धुलीको गढी दरबारदेखि चपौली, नागी हुँदै मझुवा गैरीगाउँसम्मको अवरुद्ध सडक खुलेको छ ।

सांसद दाहालका अनुसार खुर्कोटमा तत्काल बेलिब्रिज जडान कार्य सुरु भएको छ । यसका लागि स्थानीय सरोकारवालाहरू, प्रदेश र संघीय सरकारको समन्वयमा काम सुरु भएको छ । 'खुर्कोटमा बेलिब्रिज १५/२० दिनमा बनेर संचालनमा आउने विश्वास छ' दाहालले भने । सिन्धुलीको खुर्कोटको पुल सुनकोशी नदीले बगाउँदा आवतजावत बन्द भएको छ । पुल भत्किंदा स्थानीय लगायत पूर्वका लाखौं नागरिक चाडपर्वको मुखमा प्रभावित भएका छन् । 'राजमार्ग खुलेपछि धेरै सहज हुने भएकाले म राहत, उद्धारका साथसाथै राजमार्ग खुलाउन केन्द्रित छु' उनले भने ।

सांसद दाहालले विपद् व्यवस्थापनका लागि तत्कालीन, मध्यमकालीन र दीर्घकालीन रूपमा काम गर्नुपर्ने र यसका लागि तीनवटै सरकारसँग समन्वय गरिरहेको सुनाए । उनका अनुसार वर्षाले यसपटक सबैभन्दा बढी प्रभावित गरेको सिन्धुलीको नेपालथोक, मूलकोट र खुर्कोट हो । पर्यटक हब नै रहेको मूलकोटमा करोडौं लगानीका रिसोर्टहरू पुरिएका छन् ।

सुनकोशी आसपासको १५०० बिघा खेतीयोग्य जमिन बगाएको दाहालले बताए । 'यसका अलावा कोशी र रोशीले समेत खेतीयोग्य जमिन बगाएको छ' उनले भने । पीडित र प्रभावितका लागि गाउँपालिकाले राहतका प्याकेजहरू ल्याएका छन् । यसअघि मेस चलाएर प्रभावितलाई खुवाइएको थियो । पछिल्लो समय पुरिएका घरहरूबाट सामानहरू निकाल्ने काम भइराखेको छ । 'बगेका बाहेकका क्षेत्रमा पुरिएका क्षेत्र खोतल्ने काम गरिरहेका छौं' उनले भने, 'अत्यधिक क्षति भएकाहरूका लागि राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थामा समेत सहयोग माग गरिरहेका छौं ।'

(स्रोत: अनलाइनखबर)

'बेहुली फ्रम मेघौली'को ८० लाखको ओपनिङ, पाइरेसीको मारमा पऱ्यो फिल्म

काठमाडौं/घटस्थापनाको विदा पारेर बिहीबारबाट प्रदर्शनमा आएको फिल्म 'बेहुली फ्रम मेघौली'ले घरेलु बक्स ओफिसमा उत्साहप्रद ओपनिङ गरेको छ । नेपाली फिल्मको इतिहासमै सर्वाधिक सोज (३४०) पाएको फिल्मले पहिलो दिन ८० लाखको ओपनिङ गरेको वितरक कम्पनी डिसिएनले जनाएको छ । बिहीबार देशका प्राय: सहरहरूमा फिल्मले बिहानदेखि नै उच्च अकुपेन्सी कायम गरेको थियो ।

शुक्रबार पनि फिल्मको अवस्था राम्रो देखिन्छ । कामकाजी दिन भएकाले बिहानी सोजमा अकुपेन्सी औसत देखिए पनि दिउँसोबाट हलहल्मा दर्शकको चहलपहल बढेको छ । साँझ ६ बजेपछि काठमाडौंसहित बाहिरका धेरै सहरमा ६० प्रतिशत अकुपेन्सी नाघेको छ । एकाध सोज हाउसफुलको संघारमा पनि छन् । यसरी हेर्दा शुक्रबार फिल्मले २५/३० लाख हाराहारी कमाउन सक्ने देखिन्छ ।

शुक्रबारबाट आएको हलिउड फिल्म 'जोकर २'ले 'बेहुली फ्रम मेघौली'लाई ठूलो असर गर्न सक्ने प्रक्षेपण गरिएको थियो । सुपरहिट फिल्मको सिक्वेल भएकाले 'मेघौली'को दोस्रो दिनै धेरै सोज गुम्न सक्ने खतरा देखिन्थ्यो । तर, नेपालका अधिकांश मल्टीप्लेक्सहरुले दुवै फिल्मलाई लगभग बराबर सोज बाँडफाँड गरेका छन् । अकुपेन्सी

दरमा भने 'जोकर २'भन्दा 'बेहुली' नै अगाडि देखिएको छ ।

दुई दिनको प्रदर्शन सुखद् रहेकाले भोलि शनिबार फिल्मको व्यापारमा उछाल आउन सक्ने सम्भावना उच्च छ । आइतबार बाट भने फिल्मको वास्तविक पर ीक्षा सुरु हुनेछ । किनकि, शनिबार सम्म प्रचार सामाग्री र कलाकारको केजको प्रभाव केही हदसम्म हलमा देखिन्छ । आइतबारबाट दर्शक प्रतिक्रियाले फिल्मको व्यापार निर्धारण गर्छ । 'बेहुली फ्रम मेघौली'लाई दर्शकले रुचाएकै देखिन्छ ।

यो फिल्मले हलमा राम्रो दर्शक पाइरहँदा पाइरेसीको समस्या पनि भोगिरहेको छ । टिकटकजस्ता प्लेटफर्ममा फिल्मको क्लाइमेक्स समेत खिचेर दर्शकहरुले हालिर्दिंदा निर्माता मारमा परेका छन् । केहीले त तीन मिनेटसम्मको क्लिप्स टिकटकमा राखिदिएका छन् । यो समस्या यसअघि पनि धुपै नेपाली फिल्मले भोगिसकेका छन् । यो गैरकानुनी काम हो भने बोध नै दर्शकमा हुन सकेको छैन ।

फिल्म हेर्दा वितर्मोडकी श्रद्धाले जितिन् मोबाइल

मल्टीप्लेक्स चेन 'क्यूएफएक्स'ले आफ्नो देशभरको हलबाट 'बेहुली फ्रम मेघौली'को टिकट काट्ने दर्शकलाई साढे २ लाखमाथि पर्ने एउटा इलेक्ट्रीक स्कुटर तथा सातवटा मोबाइल उपहार दिने घोषणा गरेको थियो । जसअन्तर्गत वितर्मोडस्थित वान स्टप मलबाट फिल्मको टिकट काटेकी श्रद्धा प्रसाईंले मोबाइल जितेकी छन् । अन्य विजेताहरुको नाम भने क्रमश: घोषणा गरिने जनाइएको छ ।

एक्सन फिल्म बनाउन चुनौती छ, विदेशी फिल्मसँग दाँजिन्छ : विराज भट्ट

काठमाडौं/नेपाली फिल्ममा एक्सनको 'ट्रेन्ड' सुरु गर्ने अभिनेता मानिन्छन्, विराज भट्ट । उनको जगजगी रहेको समयमा एक्सन फिल्मकै बाढी थियो । तर, समयसँगै नेपाली फिल्मको अनुहार फेरिँदै गयो । फरक शैलीका फिल्म बन्न थाले । र, विराज जस्ता एक्सनमा जमेका स्टारहरु पनि सुस्ताए । यसपछि एक्सन फिल्म निर्माणको वातावरण बनेन । अहिले नेपालमा एक्सनलाई नै 'रिस्क' जनरा मानिन्छ ।

पछिल्लो समय भने नेपालमा एक्सन फिल्मको 'ट्रेन्ड' सुरु हुन थालेको छ । र, विराज पनि ४ वर्षपछि एक्सन फिल्म '१२ गाउँ' लिएर फर्किएका छन् । यो फिल्म दुईवटा कारणले दर्शकमाझ प्रतिक्षीत छ । पहिलो त विराज वर्षौंपछि एक्सन अवतारमा फर्किएका छन् । र, दोस्रो भनेको उनका आफ्नै छोरा समीर भट्ट यसै फिल्मबाट हिरो बनेका छन् । यतिबेला विराजभन्दा समीरकै चर्चा बढी छ ।

'१२ गाउँ' रिलिजका लागि एक हप्ता बाँकी रहँदा बिहीबार काठमाडौंमा एक कार्यक्रमबीच विराज र समीरले पहिलो पटक एक्साथ मिडिया 'फेस' गरे । करिब एक घण्टा चलेको कार्यक्रममा समीरले पत्रकारको अधिकांश प्रश्नमा पिताको प्रशंसा ज्यादा गरेका थिए । विराज भने बीचमा लामो समय नेपाली फिल्ममा एक्सन विधा हराएकोमा दु:खी देखिए । उनी यसलाई दुर्भाग्यपूर्ण समय मान्छन् ।

उनी भन्छन्, 'बीचमा एक्सन विधा कता-कता हराएको जस्तो देखिएको थियो । त्यो नेपाली फिल्मका लागि दुर्भाग्यपूर्ण थियो ।

लामो समयदेखि नेपाली दर्शकले साउथको एक्सन हेर्दै आइरहेको अवस्था छ ।' विराज '१२ गाउँ' बनाउनुको उद्देश्य नै नेपाली फिल्मलाई माथि लैजानु रहेको जिकिर गर्छन् । समीरलाई लामो समय ट्रेनिङ गराउनुको उद्देश्य पनि केही नयाँ दिन रहेको उनको भनाई छ ।

नेपालमा एक्सन फिल्म बनाउँदा विदेशी फिल्मसँग तुलना गर्ने प्रवृत्ति रहेको उनको अनुभव छ । 'कमेडी, पारिवारिक वा अर्गानिक भनिने फिल्म बनाउँदा कसैसँग तुलना गरिँदैन । जब एक्सन फिल्म बनाउन थाल्छौं, तब 'सलार', 'पठान', 'केजीएफ' जस्ता विदेशी फिल्मसँग तुलना हुन्छ । यो ठूलो चुनौती हो । हामी पैसामा त्यस्तो फिल्म बनाउन सक्दैनौं । हामीले गर्न सक्ने भनेको मिहिनेत हो ।'

'१२ गाउँ'लाई अलग सोचले बनाएको विराज बताउँछन् । कमाउने उद्देश्यले मात्र फिल्म नबनाएको उनको भनाई छ । उनी भन्छन्, 'यो मैले अलग सोचले बनाएको फिल्म हो । यो एउटा सुख्यात हो । मेरो चाहना फिल्म बनाएर कमाइहालुम् भन्ने मात्र छैन । नेपाली फिल्मलाई एक्सनको 'लेभल'मा कसरी माथि लैजान सकिन्छ भन्ने सोचमा नै म हुन्छु । म अझै जोखिमपूर्ण फिल्म बनाउन चाहन्छु ।'

समीर भने विराजलाई आफ्नो गुरु मान्छन् । उनले सधैं बुबालाई पछ्याउने गरेका छन् रे । 'ट्रेनिङ मैले गरेको भएता पनि मार्गदर्शन बुबाले गराउनुभएको हो । मैले उहाँलाई नै पछ्याउने गरेको हुँ । उहाँ जस्तो बुबा पाएकेमा म आफूलाई भाग्यमानी ठान्दछु । हरेक मान्छेको जीवनमा एउटा गुरुको आवश्यकता पर्छ । नभए दिशा भड्किन्छ । मेरो हकमा चाहिँ गुरु नै बुबा हुनुहुन्छ,' समीरले भने ।

अब पिताको निगेसीलाई अगाडि बढाउनुपर्ने चुनौती समीर लाई छ । यो मानेमा विराज भट्टको छोरा भएकोमा घाटा महसुस हुँदैन ? भन्ने पत्रकारको प्रश्नमा उनले भने, 'मलाई विराज भट्टको छोरा हुनुमा गर्व लाग्छ । अहिले भट्टर हेको चर्चाभन्दा पनि म विराज भट्टको छोरा भएकोमा गर्व गर्छु । उहाँको छोरा भएकाले म घाटा देखिन्नँ । फाइदै फाइदा देख्छु । किनकि उहाँ मेरो बुबा र गुरु दुवै हो ।'

दुई सातादेखि समीरले फिल्म 'बलिदान'को छायांकन गरि रहेका छन् । सम्झौताको हिसाबले भने यो उनको पहिलो फिल्म हो । तर, निर्माणमा ढिलाई हुँदा '१२ गाउँ' डेब्यु बन्न पुग्यो ।

युद्धग्रस्त इजरायलमा नेपाली श्रमिक पठाउन हतार

काठमाडौं/गत वर्ष अक्टोबरमा हिजबुल्लाह लडाकुले आक्रमण गरेयता मध्यपूर्वी देश इजरायलमा युद्ध अझै साम्य भएको छैन । पछिल्लो समय इजरायल-इरानबीच युद्ध चर्कदो छ । दुवैले एक अर्कालाई लक्षित गरी क्षेप्यास्त्रहरु प्रहार गरिरहेका छन् ।

गत मंगलबार मात्र इरानले इजरायलमा १८० वटा क्षेप्यात्र प्रहार गरेको थियो । निरन्तरको युद्धका कारण अहिले इजरायलमा कार्यरत नेपालीहरु त्रसित अवस्थामा छन् । इजरायल सरकारले पनि आफ्ना नागरिकहल्लाई अत्यावश्यक कामबाहेक घरबाहिर ननिस्कन भनेको छ । यस्तो बेलामा सरकारले भने रोजगारीका लागि थप नेपालीलाई त्यहाँ पठाउने तयारी गरेको छ ।

अहिले जीटूजी (सरकार-सरकारबीचको समझदारी) प्रक्रियाबाट नेपाली श्रमिकहरु केयर गिभरको रुपमा इजरायल पठाउने तयारीमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र वैदेशिक रोजगार विभाग छन् ।

इजरायल जान २१ सय श्रमिक छनोट

अहिले केयर गिभरमा इजरायल जान नेपालबाट दुई हजार ११२ श्रमिक छनोट भएका छन् । नेपालमा श्रमिक छनोट प्रक्रिया अपारदर्शी देखिएपछि इजराइलले आफै छनोट गरेको थियो ।

इजरायलले गोला प्रथाबाट छनोट गरेका नेपालीमा एक हजार १४६ महिला र पुरुष ९४६ छन् । वैदेशिक रोजगार विभागका निर्देशक गिरिराज ज्ञवाली उनीहरुलाई स्वास्थ्य परीक्षणपछि इजरायल पठाउने बताउँछन् । 'श्रमिकहरु छनोट भएसँगै पठाउने प्रक्रिया पनि अघि बढिरहेको छ', उनले भने, 'छनोट भएका श्रमिकहरुलाई पठाउन स्वास्थ्य परीक्षण, पूर्वप्रस्थान अभिमुखीकरण तालिम जस्ता प्रक्रियाहरु अघि बढ्छ ।' अबको एक महिना पछि छनोट भएका नेपाली इजरायल जान सक्ने उनको भनाइ छ ।

ज्ञवालीले इजरायल सरकारबाट त्यहाँ असुरक्षा रहेको जानकारी नआएको बताए । 'इजरायलमा तनावपूर्ण स्थिति छ भन्ने समाचार बाट देखे पनि त्यहाँको असुरक्षा अवस्थाबारे कुनै पत्र आएको छैन', उनले भने ।

त्यस्तो कुनै अवस्था आए श्रमिक पठाउने प्रक्रिया तत्काल रोक्न सकिने ज्ञवालीले बताए । 'युद्धको जोखिम भएको ठाउँमा श्रमिक पठाउने कुरा हुँदैन', उनले भने, 'उताको अवस्था केही बिग्रिए तत्काल रोक्न सकिन्छ ।' गत वर्ष २१ असोजमा प्यालेस्टाइनको हमास समूहले गरेको आक्रमणमा परेर इजरायलमा १० जना नेपालीको मृत्यु भएको छ । बेपत्ता भएका विपिन जोशीको अवस्था अझै अज्ञात छ । यो घटनापछि सरकारले विमान पठाएर २५३ जना र पछि भारत सरकारको सहयोगमा थप १८ जना नेपालीलाई स्वदेश फर्काइएको थियो ।

विज्ञको विमती

यता, इजरायलमा युद्ध जारी रहेके अवस्थामा त्यहाँ रोजगारीमा नेपालीलाई पठाउन नहुने भन्दै अधिकारकर्मीहरुले विरोध गरेका छन् । गत असारमा विभिन्न संघसंस्था, नागरिक समूह र अधिकारकर्मीले युद्ध चलिरहेको इजरायलमा कामदार पठाउन नहुने भन्दै प्रक्रिया रोक्न माग गरेका थिए ।

श्रमविज्ञ रामेश्वर नेपाल श्रमिकको सुरक्षाको प्रत्याभूति नहुँदासम्म पठाउन नहुने बताउँछन् । 'युद्धग्रस्त, महामारी वा अन्य कुनै विपत्ति भएको मुलुकमा जोखिमको मूल्यांकन नगरी आफ्ना नागरिकहरु पठाउनु हुँदैन', उनले भने, 'ती मुलुकमा श्रमिक पठाउनुअघि भोलि निम्तने जोखिमबारे तथ्यपरक अध्ययन गर्नुपर्छ ।' युद्धग्रस्त देशमा आफ्ना नागरिक पठाउँदा राज्यले जीवन रक्षाको ग्यारेन्टी र सुरक्षाका न्यूनतम शर्त लागू गर्नुपर्ने नेपालले बताए । 'ठीक एक वर्षअघि इजरायलमा हामीले क्षति ब्यहोरि सकेका छौं', उनले भने, 'त्यसबाट पाठ सिकेर यस्तो संवेदनशील कुरामा राज्यले अपरिपक्व निर्णय गर्न हुँदैन ।'

(स्रोत: अनलाइनखबर)

कर्णाली यस्विस र ललितपुर क्विन्स फाईनलमा

काठमाडौं/कर्णाली यस्विस र ललितपुर क्विन्स पहिलो संस्करणको एभरेष्ट वसमन्स भलिबल लिग (इडब्लुभिएल) को फाईनलमा प्रवेश गरेको छ । शुक्रबार दशरथ रंगशाला कभर्डहलमा भएको लिग चरणको अन्तिम खेलमा कर्णालीले काठमाडौं स्पाईकर्सलाई ३-१ को सेटमा हराएपछि कर्णालीसँग ललितपुर पनि फाईनल पुगेको हो ।

खेलको पहिलो सेटमा कर्णालीले सुरुवाती अग्रता लिएपनि काठमाडौंले सानदार पुनरागमन गरेको थियो र पहिलो सेट २५-२३ ले आफ्नो पक्षमा पारेको थियो । तर त्यसपछि भने कर्णालीले पुनरागमन गर्दै लगातार तीन सेट जित्दै खेल जित्यो । दोस्रो सेट २५-१४ ले सहजै आफ्नो पक्षमा पारेको कर्णालीलाई तेस्रो सेटमा काठमाडौंले चुनौती दिएपनि २५-२३ ले आफ्नो पक्षमा पादै २-१ को अग्रता बनाएको थियो ।

काठमाडौंलाई फाईनल पुग्न कम्तीमा पनि कर्णाली विरुद्ध २ सेट जित्नुपर्ने अवस्था थियो तर चौथो सेट कर्णालिले एकपक्षिय रुपमा २५-१२ ले आफ्नो पक्षमा पार्दै खेल जित्यो । कर्णाली लिगमा सबै ५ खेल जित्दै अपराजित रहृयो ।

५ खेलबाट १३ अंक जोडेर कर्णाली शीर्ष स्थानमा रहयो । काठमाडौं हारेपछि ललितपुर क्विन्स १० अंभसहित दोस्रो हुँदै फाईनल पुग्यो । ३ जित र २ हार ब्यहोरेको काठमाडौं ९ अंक जोडेर तेस्रो हुँदै फाईनल होडबाट बाहिरियो ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

हाम्रा विशेषताहरू:

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी ढुलाल

के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७०९४१५, ९८१७०२८४६१४, ९८४५२२७०५७

महिला सेवाको साढे ३३ करोड कारोबार

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ हेटौंडा उपमहानगरपालिका-१२ पान्तलेस्थित महिलासेवा बचत तथा ऋण सहकारी संस्थाको शुक्रबार २४ औं वार्षिक साधारणसभा भएको छ ।

संस्थाका अध्यक्ष अचला शर्माको सभाध्यक्षता तथा हेटौंडा उपमहानगरका नगरप्रमुख मीना कुमारी लामाको प्रमुख आतिथ्यतामा सभा भएको हो । सहकारीले आव २०८०/८१ मा ३३ करोड ६३ लाख ७५ हजार ४३७ रुपैयाँको कुल कारोबार गरेको छ । तीन करोड ७४ लाख ३७ हजार दुईसय शेयर पुजीं रहेको सहकारीले सदस्यलाई २५ करोड ९० लाख एक हजार एक सय पाँच रुपैयाँ कर्जा लगानी गरेको संस्थाका व्यवस्थापक सुशीला कुमारी वाईबाले बताइन् ।

संस्थाको जगेडा कोषमा दुई करोड ६ लाख ७९ हजार ६५६ रुपैयाँ रहेको छ भने बचत निक्षेप २४ करोड ४१ लाख ५८ हजार ५६६ रुपैयाँ रहेको वाइबाले बताइन् । सहकारीले चालु आवमा ३६ करोड ९३ लाख ११ हजार ४४७ रुपैयाँको कुल कारोबार गर्ने लक्ष्य राखी अनुमानित वार्षिक योजना प्रस्तुत गरिएको थियो ।

सभामा जेष्ठ शेयरसदस्य सानुमाया थिङ, पवित्रा श्रेष्ठ, ठुलीमाया पाखिन, कान्छीमाया मोक्तान र सीता प्रजा, एकलमहिला शेयरसदस्य ठुलीमाया वाइबा, सीता लो तामाङ, अम्बिका रुपाखेती, ढालकुमारी अधिकारी, कान्छीमाया घलाललाई सम्मान गरिएको थियो ।

त्यस्तै, दुई छोरी जन्माएर स्थायी बन्ध्याकरण गर्ने कमलामाया थिङ, असलऋणी सीता थिङ, असल व्यवसायी फूलमाया मोक्तान, नियमित बचतकर्ता कुमारी मोक्तान, खुबुके बचतकर्ता ग्याल्छेन थिङ, बालबचतकर्ता हिसेडोल्मा लोप्चनलाई पुरस्कृत गरिएको थियो । सहकारीले उत्कृष्ट कर्मचारी फिल्डप्रमुख तारा बललाई सम्मान गरेको थियो ।

सभामा हेटौंडा उपमहानगर-१३ का वडाध्यक्ष पेम्बा लामा, हेटौंडा उपमहानगरको उद्योग, पर्यटन तथा सहकारी शाखाप्रमुख हिमप्रसाद पौडेल, जिल्ला बचत तथा ऋण सहकारी संघका अध्यक्ष कल्पना श्रेष्ठ, हेटौंडा-१३ का सदस्य महेश खड्का, कार्यपालिका सदस्य रुक्मिणी गोड्वा, ग्रामीण महिला सेवाकेन्द्रकी अध्यक्ष सुलोचना स्याङ्तान, राष्ट्रिय सहकारी बैंकका प्रमुख रामेश्वर अर्यालगायतको आतिथ्यता रहेको थियो ।

खानेपानीसम्बन्धी ग्रामीण मर्मत संभारकर्ता तालिम

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ मकवानपुर थाहा नगरपालिका भित्रका १७ जनाले खानेपानीसम्बन्धी ३ दिने ग्रामीण मर्मत संभारकर्ताको तालिम लिएका छन् । उनीहरुले १५ असोजबाट सुरु भएको तालिम लिएका हुन् । थाहाको थानाबजार स्थित गंगा होटलमा भएको तालिम १७ असोजमा सकिएको छ ।

तालिमका सहभागीलाई खानेपानी प्राविधिक मेनुका थापा र सुभाष मरहठ्ठाले प्रशिक्षण दिएका थिए । च्वाइस नेपाल, थाहा नगर पालिका र स्थानीय समुदायको साझेदारीमा निर्माण भएको र निर्माणाधीन खानेपानी पारियोजनाको दिगो संचालन एवम् व्यवस्थापनका लागि तालिम दिइएको हो । डोटरा हिलिङहेन्ड फाउन्डेसन, रोटरी क्लब अफ काठमाडौंको सहयोगमा तालिम सञ्चालन भएको हो ।

थाहा नगरपालिका कार्यपालिका सदस्य जनक विकको उपस्थिति रहेको तालिम समापन कार्यक्रममा सहभागीलाई च्वाइस नेपाल मकवानपुर कार्यक्रमसंयोजक सुकराम दुलाल, पालुङ टिम लिडर प्रताप घिमिरे, ग्रामीण विकास विशेषज्ञ कुलप्रसाद तिवारी, इन्जिनियर प्रकाश बास्तोला लगायतले प्रमाणपत्र वितरण गरेका थिए । तालिममा सहभागीले ध्यान दिएर सिकेकाले व्यवहारत: काम गर्नसक्ने च्वाइस नेपालका खानेपानी प्राविधिक मरहठ्ठाले विश्वास व्यक्त गरे ।

थाहानगर खानेपानी व्यवस्थापन बोर्डका सुरजकुमार भुजेलले थाहा नगरपालिकाको खानेपानी पूर्वाधार विकासका लागि च्वाइस नेपालको योगदान उच्च रहेको बताए । निर्माण भएका योजनालाई दीगोपनाको लागि सामुदायिक मर्मत संभारकर्तालाई सिपालु बनाउने काम अझ महत्वपूर्ण रहेको उनको भनाइ थियो । कार्यक्रममा प्रशिक्षक, खानेपानी उपभोक्ता संस्थाका पदाअधिकारीको उपस्थिति थियो ।

मदन भण्डारी प्रतिष्ठानमा रजिष्ट्रार र संयोजक नियुक्त

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ हेटौंडास्थित बागमती प्रदेश सरकार मातहतको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा रजिष्ट्रार र संयोजक नियुक्त भएका छन् । नवनियुक्त उपकुलपतिले सपथ लिएसँगै दुई रिक्त पदमा परिपूर्ति गरेका हुन् ।

शुक्रबार प्रतिष्ठानका नवनियुक्त उपकुलपति डा.प्रदीप ज्ञवालीको सिफारिसमा सामाजिक विकास मन्त्री हरिप्रभा खड्गीले रजिष्ट्रार र संयोजक नियुक्त गरेकी हुन् । स्वास्थ्य मन्त्री किरण थापाको सहमतिमा उनीहरुको नियुक्त गरिएको हो । ज्ञवालीले शुक्रबार नै मुख्यमन्त्री बहादुरसिं लामाबाट सपथ लिएका थिए ।

प्रतिष्ठानको संयोजकमा चिरञ्जीवी चुडाल नियुक्त भएका छन् । उनी दोस्रो कार्यकालका लागि संयोजक पदमा नियुक्त भएका हुन् । यसअघि पनि २०७७ मा उनी प्रतिष्ठानको संयोजकमा नियुक्त भएका थिए । उनी ४ वर्षे कार्यकाल सकेर गत भदौ १४ मा बिदा भएका थिए ।

रजिष्ट्रारमा हेटौंडा-४ का भीमसागर गुरागाई नियुक्त भएका छन् । उनी जनस्वास्थ्य कार्यालय र सुवाको प्रमुख रहेर काम गर्दै आएका थिए । जनस्वास्थ्य अधिकृतस्तर सातौं तहका गुरागाई हालै जनस्वास्थ्य कार्यालय मकवानपुरमा सरुवा भइ आएका थिए । प्रतिष्ठानको रजिष्ट्रार बन्न उनी जनस्वास्थ्य कार्यालय मकवानपुरबाट तलबभत्ता नबुझ्ने गरी काजमा रजिष्ट्रारको जिम्मेवारी लिएका हुन् । उनको जिम्मेवारी अवधि ४ वर्षको हुनेछ । उपकुलपति डा. ज्ञवालीले रजिस्ट्रार गुरागाई र संयोजक चुडाललाई शुक्रबार नै सपथ गराएका छन् ।

हेटौंडा-चित्लाङ-चन्द्रागिरि सडक खण्डमा चल्न थाले गाडी

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ त्रिभुवन राजपथ सडकअन्तर्गतको हेटौंडा-चित्लाङ-चन्द्रागिरि-काठमाडौं खण्डमा शुक्रबार बिहानदेखि यातायातसाधन सञ्चालन भएका छन् ।

जल तथा मौसम विज्ञान विभागले वर्षा हुनसक्ने सूचना जारी गरेपछि बिहानसम्म यी सडकमा सबै सवारीसाधन सञ्चालनमा स्थानीय प्रशासनले रोक लगाएको थियो । मकवानपुर जिल्ला प्रहरी कार्यालयका निमित्तप्रवक्त्ता ठाकुरप्रसाद सापकोटाका अनुसार सडकमा कुनै किसिमको अवरोध नरहेकाले बिहानदेखि यातायातका साधन पुन:सञ्चालन भएका हुन् । हेटौंडा-पालुङ-नौबिसे सडकखण्डमा पनि हलुका सवारी सञ्चालन भएका छन् ।

बाढीपहिराका कारण अवरुद्ध सबै सडक सञ्चालन गर्न सडक विभाग, सुरक्षाकर्मी तथा बागमती प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको प्राविधिक टोलीले काम गरिरहेको प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले बताए । हेटौंडा-काठमाडौं जोड्ने सडक अन्तर्गत हेटौंडा-भैंसे-रातोमाटे खण्डको गोल्पिडबेंसीमा ठुल्ठूला ढुंगासहित खसेको पहिरो पन्छाउन चारवटा मेसिन प्रयोग गरेर काम भइरहेको छ ।

सडक विभाग र सुर क्षाकर्मीको टोलीले मकवानपुरको सोही सडक खण्डअन्तर्गत भीमफेदी गाउँपालिका-६ स्थित देउरालीबाट इन्द्रसरोवर गाउँपालिका-२ सिमखोला सम्मको पहिरो पन्छाइसकेको र इन्द्रसरोवर गाउँपालिका-२ स्थित बाढीले बगाएको कुलेखानी पुलको छेउबाट डाइभर्सन निर्माण भइरहेको उनले जानकारी दिए । दक्षिणकाली-फर्पिङ सडकअन्तर्गत महालक्ष्मी खोलादेखि फाखेलसम्म र फाखेलदेखि फर्पिङसम्मका केही भागमा खसेको पहिरो पन्छाउन दुईवटा मेसिन प्रयोग गरिएको छ ।

मकवानपुरसहित १४ जिल्लालाई संकटग्रस्त घोषणाको तयारी

साझाकुरा संवाददाता

हेटौंडा,१८ असोज/सर कारले मकवानपुरसहित उपत्यकाको काठमाडौं, ललितपुर र भक्तपुर लगायत १४ वटा जिल्लालाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने भएको छ ।

गत असोज ११ १२ गते अविरल वर्षासँगै आएको बाढी पहिरो र डुबानले ठूलो जनधनको क्षति भएपछि शुक्रबार सिंहदरबारमा बसेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण कार्यकारी समितिको बैठकले मकवानपुरसहितका १४ जिल्लालाई संकटग्रस्त घोषणा गर्न लागेको हो । पछिल्लो तथ्यांक अनुसार विपद्मा परी २३९ जनाको मृत्यु, घाइते १६९ घाइते, १८ जना अझै बेपत्ता रहेका छन् ।

मकवानपुरको इन्द्रसरोबर गाउँपालिका र भीमफेदी गाउँपालिकामा १० असोजदेखि १२ गतेसम्म परेको वर्षाले ठूलो क्षति पुऱ्याएको छ । भारी वर्षापछि कुलेखानी जलविद्युत केन्द्रको जलाशयको दुईवटा ढोका खोलेर पानी छोड्दा इन्द्रसरोबर र भीमफेदीमा ३० भन्दा बढी घरमा क्षति पुगेको छ । विपद्का कारण मकवानपुरमा ७ जनाको मृत्यु भएको थियो । मकवानपुरको इन्द्रसरोबर गाउँपालिकालाई विपद्को संकटग्रस्त घोषणाको सम्भावना रहेको छ ।

बाढी, पहिरो र डुबानबाट अतिप्रभावित १४ जिल्लामा पुन:स्थापना र पुनर्निर्माणको कामलाई प्राथमिकताका साथ तिव्रता दिनेगरी स्थानीय तहको समेत किटान गरी विपद् संकटग्रस्त क्षेत्र घोषणा गर्ने निर्णय गरिएको प्राधिकरणका सहसचिव बसन्त अधिकारीले जानकारी दिए ।

गृहमन्त्री रमेश लेखकको अध्यक्षतामा बसेको समितिको बैठकमा अतिप्रभावित जिल्लाका स्थानीय तहको पनि नाम उल्लेख गरी संकटग्रस्त क्षेत्र घोषणा गरिने उल्लेख गरिएको छ । प्राधिकरणका सहसचिव अधिकारीले भने, 'ताप्लेजुङ, काभ्रे, पाँचथर, काठमाडौं, संखुवासभा, ललितपुर, सोलुखुम्बु, भक्तपुर, दोलखा, सिन्धुली, रामेछाप, मकवानपुर, सिन्धुपाल्चोक र धादिङ जिल्ला बढी प्रभावित भएको देखियो । हामी स्थानीय तहको पनि संख्या तोक्छौं, अहिले जिल्लामा ऐनको दफा ३२ बमोजिम विपद् संकटग्रस्तक्षेत्र घोषणा गरिनेछ ।'

बागमतीमा गाडी चलाउँदा स्मार्ट लाइसेन्स बोक्न नपर्ने

साझाकुरा संवाददाता

हेटौंडा, १८ असोज/ बागमती प्रदेशमा गाडी चलाउँदा चालकले स्मार्ट लाइसेन्स देखाउन नपर्ने भएको छ । उनीहरुले मोबाइलमा नागरिक एपमा डाउनलोड गरिएको क्यूआर कोडसहितको सवारीचालक अनुमतिपत्र देखाए हुने भएको छ ।

बागमती प्रदेशको श्रम रोजगार तथा यातायात मन्त्रालयले शुक्रबारदेखि नागरिक एपमा लाइसेन्स र क्यूआर कोड देखाए पनि हुने व्यवस्था गरेको हो । हाल सरकारले लाइसेन्स परीक्षा पास गरिसकेकालाई स्मार्ट लाइसेन्स प्रिन्ट गरेर दिन सकेको छैन । तर, परीक्षा पास गरेपछि भने नागरिक एपमा लाइसेन्स र क्यूआर कोड उपलब्ध हुन्छ । नागरिक एपमा रहेको लाइसेन्स र क्यूआर कोडलाई ट्राफिक प्रहरीले स्मार्ट फोनबाट स्क्यान गरेर हेर्न सक्नेछन् ।

शुक्रबार बागमती प्रदेशको श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरलाई १०४ थान स्मार्ट फोन हस्तान्तरण गरेका छन् ।

त्यही स्मार्ट फोनको सहायताले चेकजाँचमा बसेका ट्राफिक प्रहरीले नागरिक एपमा रहेको चालकको लाइसेन्स स्क्यान गर्नेछन् । चालकले ट्राफिक नियम उल्लंघन गरेमा सोही एपको सहायताबाट ट्राफिक प्रहरीले जरिवाना गर्न सक्नेछ र चालकले तोकिएको जरिवाना अनलाइन प्रणालीबाटै दिन सक्नेछन् ।

कार्यक्रममा संघीय सरकारका भौतिक पूर्वाधार तथा यातायात मन्त्री देवेन्द्र दाहालले स्मार्ट लाइसेन्स छाप्न ढिलो हुँदा आउने गुनासो सम्बोधन गर्न यो व्यवस्था गरेको बताए । बागमतीका श्रम, रोजगार तथा यातायात मन्त्री प्रेमभक्त महर्जनले स्मार्ट लाइसेन्स युगको अन्त्य भएको बताए ।

एमसीसीका ठेक्देार 'फिल्ड' मा खटिए, काम गर्न छैन जग्गा

काठमाडौं/'मिलेनियम च्यालेन्ज कर्पोरेसन' (एमसीसी) अनुदानमा निर्माणाधीन परियोजनामध्ये न्यु बुटवल-गोरखपुर अन्तरदेशीय प्रसारणलाइनको ठेक्देार कम्पनी फिल्डमा परिचालन भएको छ ।

११ असोजमा एमसीए नेपालले १८ किलोमिटरको सो प्रसारण लाइन निर्माणको कार्यारम्भ गर्न ठेक्देार ट्रान्सरेल लाइटिङसँग बैठक गरेको थियो । बैठक पश्चात प्रसारण निर्माण कार्य ट्रान्सरेलले अगाडि बढाउने र सो खण्ड २१ महिनामा सम्पन्न गर्ने एमसीए नेपालले जनाएको छ ।

तर, प्रसारण लाइन निर्माणका लागि आवश्यक जग्गा प्राप्ति प्रक्रिया भने अहिलेसम्म पनि पूरा हुन सकेको छैन । क्रसबोर्डर प्रसारण लाइनका ९६ टावर नवलपरासी (बर्दघाट पश्चिम) मा निर्माण गर्नुपर्ने हुन्छ । ती टावर निर्माणका लागि मुआब्जा निर्धारण भइसके पनि जनतालाई अहिलेसम्म पनि वितरण भइनसकेको नवलपरासी-बर्दघाट पश्चिमकी प्रमुख जिल्ला अधिकारी (सीडीओ) स्किम श्रेष्ठले जानकारी दिइन् ।

'केही जग्गाको लगत कट्टा गरी सरकारका नाममा ल्याउने काम सुरु भएको छ, २५ कित्ता जग्गाको लगत कट्टा भइसक्यो, तर एमसीसीको मापदण्ड अनुरूप कृषि बाली, रुखबिरुवा र गरिबीको रेखामुनिका जनतालाई दिने राहतसमेत एकैपटक दिनुपर्ने भएकाले भुक्तानी भने सुरु हुन सकेको छैन,' सीडीओ श्रेष्ठले भनिन् ।

'मिलेनियम च्यालेन्ज एकाउन्ट' (एमसीए)-नेपालले सार्वजनिक गरेको कार्यतालिका अनुसार यो जिल्लामा गत आर्थिक वर्ष नै मुआब्जा वितरण भइसक्नुपर्ने हो । तर, गत वर्ष नवलपरासीमा मात्रै होइन, अन्य कुनै जिल्लामा पनि मुआब्जा वितरण हुन नसकेपछि बजेट नै 'फ्रिज' भएको थियो ।

कुल ९६ टावरमध्ये ५४ वटा बनाउन निजी जमिन अधिग्रहण गर्नुपर्छ भने बाँकी टावर सरकारी जग्गामा बन्नेछन् ।

विषादीको प्रयोगबाट बचौं र बचाओं

- किरा मार्ने विषादीले मानिसलाई पनि असर गर्दछ,
- अनावश्यक रुपमा विषादीको प्रयोग नगरौं,
- विषादी प्रयोग गर्नैपर्ने भए प्राविधिकको सल्लाहमा मात्र गरौं,
- विषादी प्रयोग गर्नुपूर्व त्यसको असरको बारेमा जानकारी लिऔं,
- विषादी तयार गर्दा र प्रयोग गर्दा सतर्कता अपनाऔं,
- विषादी प्रयोग गरिएको तरकारी तथा फलफुल खान योग्य भए नभएको यकिन गरेर मात्र उपभोग गरौं.
- विषादी प्रयोग गरिएका तरकारी तथा फलफूल विष मुक्त नभएसम्म विक्रि वितरण नगरौं,
- विषादीको प्रयोग भएका फलफूल तथा तरकारीले क्यान्सरलगायतका रोगहरू लाग्न सक्छ,
- विषादीको प्रयोगले जनस्वास्थयमा गम्भिर असर पर्न सक्छ,

त्यसैले विषादीको प्रयोगमा सचेत बनौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

असोज ७ गतेबाट तपाईंको सेवामा

DFSK EC 36
"हाम्रो सुमो सेवाको नौलो प्रस्तुती"
हाम्रो ई.भी. सेवा
हेटौंडा-कुलेखानी-फाखेल-काठमाण्डौं-हेटौंडा-ठिङ्गन-सातदोबाटो
काठमाण्डौं काउन्टर:-०१-५४०४४४४,९८५५०७८४७८ हेटौंडा काउन्टर:- ०५७-५२१४२१, ९८५५०७८३७८
सानेपा पुरानो स्टार हस्पिटलसँगै बल्खु पुलपारी
मुख्य कार्यालय, हेटौंडा :-०५७-५२१०४० पुरानो मकवानपुररोड
सुरक्षित एवं भरपर्दो यात्राको लागि हाम्रो ई.भी. सेवालाई सम्झनुहोस ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल. कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना